# कोरोना भाइरस संक्रमण (कोभिड-१९) प्रभावित मजदुर, श्रमिक, गरीब तथा आर्थिक रुपमा विपन्न किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका, २०७६

प्रस्तावनाः कोरोना भाइरस संक्रमण (कोभिड-१९) को संक्रमण रोकथाम उपचार तथा नियन्त्रणलाई प्रभावकारी तुल्याउन घरमा नै सुरक्षित साथ बस्ने नीति र सो का लागि जारी देशव्यापी लकडाउन पालना गर्ने क्रममा उपभोग्य खाद्यान्न जुटाउन असमर्थ दैनिक हातमुख जोड्ने समस्याले ग्रसित, दैनिक ज्यालादारीमा मजदुरी गर्ने मजदुर, श्रमिक, गरीब तथा आर्थिक रुपमा विपन्न किसानलाई आवश्यक खाद्यान्न, राहत वा अनुदान उपलव्ध गराउन वान्छनीय भएकोले,

कोरोना भाइरस संक्रमण (कोभिड-१९) रोकथाम, नियन्त्रण तथा उपचार कोष (स्थापना र संचालन) नियमावली, २०७६ को नियम १४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. २ को सरकारले यो निर्देशिका बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम कोरोना भाइरस संक्रमण (कोभिड-१९) प्रभावित गरीव श्रमिक किसान र मजदूरहरुलाई राहत (वितरण तथा अनुगमन) निर्देशिका, २०७६ रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "निर्देशिका" भन्नाले कोरोना भाइरस संक्रमण (कोभिड-१९) प्रभावित मजदुर, श्रमिक, गरीब तथा आर्थिक रुपमा विपन्न किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका भन्ने सम्झनुपर्दछ ।

(ख) "निर्देशक समिति" भन्नाले मन्त्रिपरिषद्को निर्णय अनुसार कोरोना भाइरस संक्रमण (कोभिड-१९) रोकथाम, नियन्त्रण तथा उपचारका लागि मातहत मन्त्रालय र निकायहरुलाई आवश्यक निर्देशन दिन मुख्यमन्त्रीको संयोजकत्वमा सवै मन्त्रीहरु सदस्य रहेको निर्देशन समिति भन्ने सम्झनु पर्छ ।

(ग) "पहिचान समिति" भन्नाले दफा ३ अनुसार गठित समिति सम्झनु पर्छ ।

(घ) "लक्षित समुह" भन्नाले दफा ३ अनुसार वडाध्यक्षको संयोजकत्वमा गठित समितिले यकिन गरेको व्यक्ति वा परिवार सम्झनु पर्छ ।

(ङ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका भन्ने सम्झनु पर्छ ।

**३. लक्षित समुह पहिचान तथा राहत वितरण समितिको गठन, काम, कर्तव्य र अधिकार :** (१) कोरोना भाइरस संक्रमण (कोभिड-१९) को संक्रमण रोकथाम, उपचार तथा नियन्त्रणलाई प्रभावकारी तुल्याउन घरमा नै सुरक्षित साथ बस्ने नीति र सो का लागि जारी देशव्यापी लकडाउन पालना गर्ने क्रममा दैनिक हातमुख जोड्ने समस्याले ग्रसित, दैनिक ज्यालादारीमा मजदुरी गर्ने मजदुर, श्रमिक, गरीब तथा आर्थिक रुपमा विपन्न

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.२ जनकपुरधाम, धनुषा



4 /

किसान व्यक्ति वा परिवार पहिचान गर्न र समानुपातिक एवं समन्यायिक तवरले यस मापदण्ड बमोजिम खाद्यान्न राहत वा अनुदान वितरण गर्ने कार्यको लागि प्रत्येक वडामा देहाय वमोजिमको एक समितिको रहनेछ।

| | |
|---|---|
| क. सम्वन्धित वडाध्यक्ष – | संयोजक |
| ख. वडाभित्रका रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीति दलका प्रतिनिधिहरु – | सदस्य |
| ग. वडामा रहेको सामुदायिक विद्यालयका प्रधानाध्यापक – | सदस्य |
| घ. नेपाली सेनाको प्रतिनिधि – | सदस्य |
| ङ. नेपाल प्रहरीको प्रतिनिधि – | सदस्य |
| च. सशस्त्र प्रहरी बल नेपालको प्रतिनिधि - | सदस्य |
| छ. सम्वन्धित वडा सचिव – | सदस्य सचिव |

(२) समितिले आफ्नो वडाभित्रका राहत उपलव्ध गराउनु पर्ने लक्षित समुहको पहिचान गरी अनुसूची -१ अनुसारको विवरण तयार गरी वडा कार्यालय लगायत संचार माध्यममा समेत सार्वजनिक गरी सम्वन्धित स्थानीय तहमा तुरुन्त पठाउनु पर्नेछ । प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सुची एकीकृत गरी सम्वन्धित जिल्ला समन्वय समितिको कार्यालय र कोरोना भाइरस संक्रमण रोकथाम, उपचार तथा नियन्त्रण कोषको सचिवालयमा पठाउनु पर्नेछ ।

(३) प्रदेश सरकारले स्थानीय तहका वडाहरुमा गठित दफा ३ अनुसारको समिति मार्फत लक्षित समुहलाई खाद्यान्न राहत वा अनुदान उपलव्ध गराउन पठाएको रकमबाट प्रदान गरेको खाद्यान्न राहत वा अनुदानको विवरण अनुसूची-२ अनुसारको ढाँचामा राख्नु पर्नेछ ।

(४) पहिचान समितिले लक्षित समुहलाई वितरण गरेको राहत तथा अनुदानको अनुसूची विवरण सम्वन्धित स्थानीय तहमा (पालिकाको केन्द्रमा) पठाउनु पर्नेछ ।

(५) प्रत्येक वडाको पहिचान समितिले पठाएको अनुसूची-२ अनुसारको विवरणलाई प्रत्येक स्थानीय तहले अनुसूची-३ अनुसारको ढाँचामा एकीकृत गरी कोरोना भाइरस संक्रमण रोकथाम, उपचार तथा नियन्त्रण कोषको सचिवालयमा पठाउनु पर्नेछ ।

(६) खाद्यान्न राहत वा अनुदान उपलव्ध गराउँदा लक्षित समुहको परिवारको संख्याको आधारमा ( प्याकेज बनाउदा चार जनासम्म सदस्य भएको परिवार र चार जनाभन्दा बढि सदस्य भएको परिवारलाई पुग्ने गरी दुई प्रकारको बनाउने) समानुपातिक र समन्यायिक रुपले वितरण गर्नु पर्नेछ ।

(७) खाद्यान्न राहत वा अनुदान नगद वा वस्तुगत वा दुवै किसिमको हुन सक्नेछ ।

(८) राहत हस्तान्तरण गर्दा हस्तान्तरण गर्ने र लिने व्यक्तिहरुको वीचको भौतिक दुरी (Physical Distance) न्युनतम ३ फीटको हुनु पर्नेछ ।

(९) खाद्यान्न राहत वा अनुदान वितरण स्थलमा साबुन, पानी र स्यनिटाइजरको व्यवस्था गर्नु पर्नेछ र राहत वा अनुदान बुझ्नु अघि र पछि समेत हात धुनु पर्नेछ ।

(१०) वडा कार्यालयले लक्षित समुह पहिचान समितिको रोहवरमा राहत/ अनुदान रकम वा सामग्री वितरण गर्नु पर्दछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.२
जनकपुरधाम,धनुषा

**४. राहत/ अनुदान वितरणको मापदण्ड:** (१) लक्षित लाभग्राही वा परिवारको पहिचान गर्दा देहायका आधारहरु लिइनेछ ।

(क) परिवारका कुनै पनि सदस्यहरु प्रशासनिक र सार्वजनिक पदमा नरहेको,

(ख) घरायसी/ पारिवारिक कुनै रोजगार, पेशा वा व्यवसाय र आम्दानीको स्रोत वा वेतनभोगी नभएको,

(ग) दैनिक ज्याला मजदूरी गर्ने वाहेक अन्य कुनै आय श्रोत नभएको,

(घ) सरकारी वा सार्वजनिक वा कुनै संघसंस्थाबाट तलब, पेन्सन वा अन्य आय आर्जन नभएको,

(२) प्रदेश सरकार र कोषलाई प्राप्त हुने श्रोतको आधारमा राहत/ अनुदान वितरण हुनेछ ।

(३) उप-दफा (१)मा उल्लेख भएको आधारमा लक्षित समुहको सुची तयार भएपछि मात्र राहत/अनुदान परिचालन हुनेछ ।

(४) प्रत्येक स्थानीय तहले आफुले प्राप्त गरेको श्रोत साधनहरु लक्षित समुहलाई वितरण गरी सो को विवरण जिल्ला समन्वय समितिको कार्यालय र प्रदेश सरकारको कोरोना भाइरस संक्रमण रोकथाम, उपचार तथा नियन्त्रण कोषको सचिवालयमा पठाउनु पर्नेछ ।

**५. अनुगमन र मुल्यांकन व्यवस्था:** (१) खाद्यान्न राहत वा अनुदान वितरण कार्यको स्थलगत अनुगमन सम्वन्धित प्रदेशसभा सदस्यले गर्नेछन् ।

(२) प्रदेशस्तरमा निर्देशक समिति र कार्यान्वयन सहजीकरण समितिले अनुगमन गर्नेछ ।

(३) जिल्लास्तरमा जिल्ला समन्वय समिति र जिल्ला विपद व्यवस्थापन समितिले लक्षित समुहको पहिचान, राहत वा अनुदानको प्राप्ति, परिचालन र राहत वितरणको अनुगमन गर्नेछ ।

**६. राहत वा अनुदान वितरणको सार्वजनिकीकरण, लेखा र लेखा परीक्षण:** (१) यस निर्देशिका अनुसार राहत/ अनुदान वितरणको सम्पूर्ण विवरण प्रत्येक वडा कार्यालय र स्थानीय तहले सुरक्षित राख्नु पर्नेछ र सो को विवरण वडा कार्यालय र स्थानीय तहमा समेत लिखित रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

(२) यस निर्देशिका अनुसार भएको राहत/ अनुदान वितरणको लेखा र लेखा परीक्षण प्रचलित कानून वमोजिम हुनेछ ।

**७. प्रदेश सरकार वा निर्देशक समितिले निर्देशन दिन सक्ने:** प्रदेश सरकार वा निर्देशक समितिले यस निर्देशिकाको कार्यान्वयनको सम्वन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र यस्तो निर्देशन पालना गर्नु सम्वन्धित सवैको कर्तव्य हुनेछ ।

**८. निर्देशिकाको खारेजी:** (१) नेपाल सरकार, प्रदेश सरकार वा निर्देशक समितिले यस निर्देशिकाको उद्देश्य वमोजिम कार्य समाप्त भएको वा कार्यक्रमको औचित्य नभएको वा उक्त रोगको संक्रमणको अवस्था नरहेको भनी राहत कार्यक्रम स्थगित गरेको अवस्थामा बाँकी रहेको रकम वा वस्तु प्रदेश संचित कोषमा जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम रकम जम्मा गरिसकेपछि यो निर्देशिका स्वत: खारेज भएको मानिनेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.२
जनकपुरधाम,धनुषा

## अनुसूची -१

राहत/ अनुदान उपलव्ध गराउनु पर्ने लक्षित समुहको विवरण

जिल्लाः स्थानीय तहको नामः वडा नं. गाँउ टोल

वडा अध्यक्षको नामः वडा सचिवको नामः संकलन मितिः

| सि.न. | घरमुलीको नाम र थर | परिवार संख्या | खाद्यान्न | अन्य वस्तु | नगद | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |
| ११. | | | | | | |
| १२. | | | | | | |

वडाध्यक्षको हस्ताक्षर

मोवाइल नं.

वडा सचिवको हस्ताक्षर

मोवाइल नं.

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

अनुसूची -२

राहत/ अनुदान उपलव्ध गराइएका लक्षित समुहको विवरण

जिल्लाः स्थानीय तहको नामः वडा नं. गाँउटोलः

वडा अध्यक्षको नामः वडा सचिवको नामः राहत वितरण मितिः

| सि.न. | घरमुलीको नाम र थर | जनसंख्या | खाद्यान्न | अन्य वस्तु | नगद | हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |
| ११. | | | | | | |
| १२. | | | | | | |

वडाध्यक्षको हस्ताक्षर

मोवाइल नं.

वडा सचिवको हस्ताक्षर

मोवाइल नं.

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.२ जनकपुरधाम धनुषा

## अनुसूची -३

राहत/ अनुदान उपलब्ध गराइएका लक्षित समुहको विवरण

जिल्लाः                                    स्थानीय तहको नामः

प्रमुख/अध्यक्षको नामः                                    राहत वितरण मितिः

| सि.न. | वडा नम्वर | परिवार संख्या | खाद्यान्न | अन्य वस्तु | नगद | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |
| ११. | | | | | | |
| १२. | | | | | | |

प्रमुख/ अध्यक्षको हस्ताक्षर
मोवाइल नं.

प्रमुख प्रशासकीय अधिकृतको हस्ताक्षर
मोवाइल नं.